# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, पुस २९ गते, २०८१ साल (अतिरिक्ताङ्क ४६

## भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०८१ सालको अध्यादेश नं. ०४**

## <u>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश</u>

**<u>प्रस्तावना:</u>** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ मा संशोधनः</u>** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छः-

"(झ१) "केन्द्रीय निकाय" भन्नाले संवैधानिक निकाय, आयोग, सचिवालय र नेपाल सरकारको केन्द्रीयस्तरको कार्य सञ्चालन गर्ने निकाय सम्झनु पर्छ।"

(२) खण्ड (ण) पछि देहायको खण्ड (ण१) थपिएको छः-

"(ण१) "बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकाय" भन्नाले कार्यालय बाहेक प्रचलित कानून बमोजिम गठन भएको नेपाल सरकारबाट अनुदान प्राप्त गर्ने वा प्रचलित कानून बमोजिम तोकिएको जिम्मेवारी पूरा गर्न स्थापना भएको आयोग, परिषद्, प्राधिकरण, बोर्ड, कोष, समिति वा यस्तै प्रकृतिको सार्वजनिक निकाय सम्झनु पर्छ।"

(३) खण्ड (द) पछि देहायको खण्ड (द१) थपिएको छः-

"(द१) "मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस)" भन्नाले बजेट तर्जुमा तथा कार्यान्वयनको लागि अर्थ मन्त्रालयले कार्यान्वयनमा ल्याएको सूचना प्रणाली सम्झनु पर्छ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) खण्ड (व) मा रहेका "फस्यौंट सम्बन्धी कार्यलाई" भन्ने शब्दहरूको सट्टा "फस्यौंट तथा लगत कट्टा गर्ने कार्यलाई" भन्ने शब्दहरू राखिएका छन्।

३. **मूल ऐनको दफा ३ मा संशोधन:** मूल ऐनको दफा ३ को उपदफा (४) पछि देहायका उपदफा (४क) र (४ख) थपिएको छः-

"(४क) सङ्घीय सञ्चित कोषको सन्तुलनको लागि प्रचलित कानून बमोजिम स्थापना भएको अन्य सरकारी कोषमा बाँकी रहेको मौज्दात रकममध्ये पूरै वा आंशिक रकम अर्थ मन्त्रालयले दायित्व सिर्जना हुँदाका बखत सम्बन्धित कोषमा निकासा गर्ने गरी सङ्घीय सञ्चित कोषमा जम्मा गर्न सक्नेछ। त्यस्तो कोषबाट प्राप्त गरेको रकमको लेखा महालेखा नियन्त्रक कार्यालयले राख्नेछ।

(४ख) यो उपदफा प्रारम्भ भएपछि उपदफा (४क) बमोजिम बाहेकको अन्य सरकारी कोषको विवरण महालेखा नियन्त्रक कार्यालयले अद्यावधिक गर्नु पर्नेछ। त्यस्तो कोष सञ्चालनमा राखिराख्न आवश्यक नदेखेमा नेपाल सरकारले जुनसुकै बखत खारेज गर्न सक्नेछ।"

४. **मूल ऐनको दफा ७ मा संशोधन:** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनको लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालू आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नु पर्नेछ।"

(२) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(७) स्रोत अनुमान समितिले उपदफा (३) र (५) बमोजिम तयार गरेको स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण सम्बन्धी प्रतिवेदन प्रत्येक वर्षको फागुन सात गतेभित्र अर्थ मन्त्री समक्ष पेश गर्नु पर्नेछ।"

५. **<u>मूल ऐनको दफा ८ मा संशोधनः</u>** मूल ऐनको दफा ८ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) योजना आयोगले दफा ७ बमोजिमको स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचना खाका र राष्ट्रिय गौरवको आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चितता बमोजिमको आवश्यक रकम समेत उल्लेख गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धी मार्गदर्शन प्रत्येक आर्थिक वर्षको फागुन सात गतेभित्र अर्थ मन्त्री समक्ष पेश गर्नु पर्नेछ। त्यसरी आयोगबाट प्राप्त विवरणको आधारमा अर्थ मन्त्रालयले बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गरी फागुन पन्ध्र गतेभित्र मन्त्रालय तथा केन्द्रीय निकायमा पठाउनु पर्नेछ।"

(२) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिमको बजेट तर्जुमाको ढाँचा निर्धारण गर्दा" भन्ने शब्दहरूको सट्टा "अर्थ मन्त्रालयले बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन पठाउँदा" भन्ने शब्दहरू राखिएका छन्।

६. **<u>मूल ऐनको दफा ९ मा संशोधनः</u>** मूल ऐनको दफा ९ को उपदफा (१) मा रहेका "निर्धारित ढाँचामा" भन्ने शब्दहरूको सट्टा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस) मा" भन्ने शब्दहरू राखिएका छन्।

७. **मूल ऐनको दफा १० मा संशोधन:** मूल ऐनको दफा १० को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ:-

"(३) यस दफा बमोजिम अर्थ मन्त्रालयले बजेट तर्जुमा गर्दा स्रोतको उपलब्धता, खर्चको आवश्यकता र खर्च गर्न सक्ने क्षमता समेतको आधारमा मन्त्रालय तथा केन्द्रीय निकायबाट प्रस्ताव भएको बजेट रकम, कार्यक्रम वा क्रियाकलाप थपघट वा परिमार्जन गरी बजेटलाई अन्तिम रूप दिन सक्नेछ। प्रस्तावित बजेट तथा कार्यक्रममा सारभूत रूपमा थपघट वा परिमार्जन भएमा सोको जानकारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ।"

८. **मूल ऐनको दफा ११ मा संशोधन:** मूल ऐनको दफा ११ को उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखिएका छन्:-

"(१) प्रत्येक आर्थिक वर्षको लागि यस ऐन बमोजिम विनियोजन विधेयक पेश गर्नुभन्दा कम्तीमा एक महिना अगावै अर्थ मन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सङ्घीय संसद्मा प्रस्तुत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको विवरण सङ्घीय संसद्मा पेश भएपछि सङ्घीय संसद्ले सो उपर सैद्धान्तिक छलफल गरी त्यसमा कुनै विषय समावेश गर्नु पर्ने, हटाउनु पर्ने वा सो सम्बन्धी कुनै सुझाव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा निर्देशन दिन आवश्यक देखेमा वैशाख मसान्तभित्र त्यस्तो सुझाव तथा निर्देशन अर्थ मन्त्रालयमा पठाउन सक्नेछ।"

९. **मूल ऐनको दफा १२ मा संशोधनः** मूल ऐनको दफा १२ को,-

(१) उपदफा (२) मा रहेका "कुनै पनि कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुने गरी" भन्ने शब्दहरूको सट्टा "कुनै पनि कार्यालय वा बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) का सार्वजनिक निकायले नेपाल सरकारलाई आर्थिक दायित्व सिर्जना हुने गरी" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन्:-

"(२क) मन्त्रालय तथा केन्द्रीय निकायले क्रमागत तथा बहुवर्षीय आयोजनाको सङ्ख्या र सिर्जित दायित्व समेत विश्लेषण गरी दफा २४ को उपदफा (४) बमोजिम अर्थ मन्त्रालयले निर्धारण गरेको मापदण्डको अधीनमा रही आगामी वर्षको बजेट सीमाभित्र सिर्जित दायित्व व्यवस्थापन गर्न सकिने पुष्टयाईं सहित योजना आयोग र अर्थ मन्त्रालयमा बहुवर्षीय आयोजनाको स्रोत सहमति प्रस्ताव गर्न सक्नेछ।

(२ख) उपदफा (२क) बमोजिम प्रस्ताव प्राप्त भएमा अर्थ मन्त्रालयले स्रोत परिचालन तथा सञ्चित कोषको अवस्था र स्रोतको उपलब्धता समेतको आधारमा स्रोत सहमति दिन सक्नेछ।"

(३) उपदफा (३) मा रहेका "व्यहोर्नु पर्ने सम्भावित आर्थिक दायित्व र प्रतिबद्धता व्यवस्थापन" भन्ने शब्दहरूको सट्टा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"व्यहोर्नु पर्ने सम्भावित आर्थिक दायित्व, प्रतिबद्धता व्यवस्थापन र स्रोत सहमति" भन्ने शब्दहरू राखिएका छन्।

**१०. मूल ऐनको दफा १७ मा संशोधन:** मूल ऐनको दफा १७ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ:-

"(१क) उपदफा (१) बमोजिम आयोजना वर्गीकरण गर्दा आयोजनाको कुल लागत, वार्षिक विनियोजन रकमको न्यूनतम सीमा र प्राविधिक पक्षलाई समेत आधारको रूपमा लिनु पर्नेछ। प्रत्येक आर्थिक वर्षको लागि आयोजनाको कुल लागत र विनियोजनको न्यूनतम सीमा बजेट तर्जुमा कार्यतालिका सुरु हुनुअगावै निर्धारण गर्नु पर्नेछ।"

**११. मूल ऐनको दफा २० मा संशोधन:** मूल ऐनको दफा २० को,-

(१) दफा शीर्षकमा रहेका "रकमान्तर तथा स्रोतान्तर" भन्ने शब्दहरूको सट्टा "रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (४) पछि देहायको उपदफा (४क),(४ख) र (४ग) थपिएका छन्:-

"(४क) स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने अवस्था भएमा वा त्यस्तो कार्यक्रममा विनियोजित रकम स्वीकृत कार्यक्रमभित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नु पर्ने भएमा मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयले कार्यक्रम संशोधन गर्न सक्नेछ।

(४ख) आर्थिक वर्षको बीचमा वैदेशिक अनुदान तथा ऋण सम्झौता भई तत्काल सञ्चालनमा रहेको आयोजनामा थप रकम समावेश गर्नु पर्ने भएमा विनियोजन ऐनमा समावेश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको वैदेशिक सहायतातर्फको कुल रकममा नबढ्ने गरी मन्त्रालय तथा केन्द्रीय निकायबाट अनुरोध भई आएमा अर्थ मन्त्रालयले त्यस्तो आयोजनाको लागि रकमान्तर वा स्रोतान्तर गर्न सक्नेछ।

(४ग) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् व्यवस्थापनमा खर्च गर्नु पर्ने भई तत्काल स्रोत व्यवस्था गर्नु पर्ने भएमा अर्थ मन्त्रालयले कुल वार्षिक बजेटको सीमाभित्र रही मन्त्रालय वा केन्द्रीय निकायको स्वीकृत कार्यक्रममा थप कार्यक्रम वा क्रियाकलाप समावेश गरी रकमान्तर, स्रोतान्तर वा थप निकासा गर्न सक्नेछ।"

(३) उपदफा (५) मा रहेका "रकमान्तर तथा स्रोतान्तर सम्बन्धी" भन्ने शब्दहरूको सट्टा "रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन सम्बन्धी" भन्ने शब्दहरू राखिएका छन्।

**१२. <u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ को,-

(१) उपदफा (२) मा रहेका "पहिलो चौमासिकसम्म" भन्ने शब्दहरूको सट्टा "असोज मसान्तसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) मा रहेका "दोस्रो चौमासिकसम्म" भन्ने शब्दहरूको सट्टा "फागुन मसान्तसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (४) मा रहेका "आर्थिक वर्षको दोस्रो चौमासिकसम्म" भन्ने शब्दहरूको सट्टा "फागुन मसान्तसम्म" भन्ने शब्दहरू राखिएका छन्।

**१३. <u>मूल ऐनको दफा २२ मा संशोधनः</u>** मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"२२. **<u>वित्तीय हस्तान्तरणः</u>** (१) सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई गरिने राजस्व बाँडफाँट र अनुदान रकमको हस्तान्तरण प्रचलित कानून बमोजिम अर्थ मन्त्रालयबाट हुनेछ।

(२) उपदफा (१) बमोजिम अनुदान हस्तान्तरण गर्दा कर्मचारीको तलब, भत्ता लगायतका अनिवार्य दायित्वको रकम विषयगत मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयले सम्बन्धित प्रदेश वा स्थानीय तहमा सशर्त अनुदानको रूपमा थप हस्तान्तरण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम सशर्त, समपूरक वा विशेष अनुदान बापत प्रदेश वा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई बाँकी भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले त्यस्तो रकम सोही आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।"

**१४. <u>मूल ऐनको दफा २५ मा संशोधनः</u>** मूल ऐनको दफा २५ को,-

(१) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालय, प्रदेश, स्थानीय तह र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायले महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरे बमोजिम लेखा राख्नु पर्नेछ।"

(२) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(७) कार्यालय, प्रदेश, स्थानीय तह र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायको खाता महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरे बमोजिम सञ्चालन गर्नु पर्नेछ।"

**१५. मूल ऐनको दफा २९ मा संशोधनः** मूल ऐनको दफा २९ को उपदफा (२) मा रहेका “मातहत कार्यालय" भन्ने शब्दहरू पछि “र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकाय" भन्ने शब्दहरू थपिएका छन्।

**१६. मूल ऐनको दफा ३८ मा संशोधनः** मूल ऐनको दफा ३८ को उपदफा (३) पछि देहायका उपदफा (३क) र (३ख) थपिएका छन्:-

"(३क) महालेखा परीक्षकको कार्यालयले कार्यालयगत, मन्त्रालयगत र केन्द्रीय निकायगत बेरुजुको छुट्टाछुट्टै लगत राखी सोको जानकारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ।

(३ख) केन्द्रीय निकायले आफ्नो र आफू मातहत कार्यालयको बेरुजु लगत र महालेखा परीक्षकको कार्यालयको बेरुजुको लगत वार्षिक रूपमा रुजु गरी राख्नु पर्नेछ।"

**१७. मूल ऐनको दफा ४० मा संशोधनः** मूल ऐनको दफा ४० को,-

(१) दफा शीर्षकमा रहेका “बेरुजु फस्यौंट तथा फरफारख” भन्ने शब्दहरूको सट्टा “बेरुजु फस्यौंट, सम्परीक्षण तथा फरफारख” भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) दफा ४१ को उपदफा (१) बमोजिम छलफल हुने बाहेक कार्यालयगत लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएको बेरुजु असुल गरी फस्यौंट तथा नियमित गर्ने दायित्व सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।"

(३) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

"(४क) दफा ४१ को उपदफा (१) बमोजिम छलफल हुने बाहेक असुल गर्नु पर्ने भनी औँल्याइएको बेरुजु रकम असुल भई प्रमाण पेश भएको, आवश्यक कागज प्रमाण पेश गर्नु पर्नेमा सो पेश भई आएको वा पेश्की रकम फस्यौंट भई प्रमाण पेश हुन आएको बेरुजु रकम सम्परीक्षणको लागि अधिकारप्राप्त अधिकारीबाट अनुरोध भई आएमा महालेखा परीक्षकको कार्यालयले सम्परीक्षण गरी लगत कट्टा गर्नेछ। त्यसरी लगत कट्टा भएको जानकारी सात दिनभित्र सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ।"

१८. **<u>मूल ऐनको दफा ६२ मा संशोधनः</u>** मूल ऐनको दफा ६२ को,-

(१) उपदफा (२) मा रहेका "महालेखा नियन्त्रक कार्यालयले" भन्ने शब्दहरूको सट्टा "अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) मा रहेका "महालेखा नियन्त्रक कार्यालयको" भन्ने शब्दहरूको सट्टा "अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयको" भन्ने शब्दहरू राखिएका छन्।

१९. **<u>मूल ऐनको दफा ६५ मा संशोधनः</u>** मूल ऐनको दफा ६५ को,-

(१) उपदफा (२) र (३) को सट्टा देहायका उपदफा (२) र (३) राखिएका छन्:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२) उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही अर्थ मन्त्रालयले कार्यविधि, निर्देशिका, मापदण्ड, दिग्दर्शन वा मार्गदर्शन तर्जुमा गर्न र महालेखा नियन्त्रक कार्यालयले कोष सञ्चालन, लेखाङ्कन तथा आन्तरिक लेखापरीक्षण सम्बन्धी विषयमा कार्यविधि, निर्देशिका, मापदण्ड, दिग्दर्शन वा मार्गदर्शन बनाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम बनाएको कार्यविधि, निर्देशिका, मापदण्ड वा दिग्दर्शन मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि सम्बन्धित केन्द्रीय निकायले आवश्यक कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ। त्यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र मन्त्रालयको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

तर त्यस्तो कार्यविधि बनाउँदा थप आर्थिक दायित्व सिर्जना हुने विषयमा अर्थ मन्त्रालयको पूर्वसहमति लिनु पर्नेछ।"

प्रमाणीकरण मितिः २०८१।०९।२९

**आज्ञाले,**
**कोमल बहादुर खत्री**
**नेपाल सरकारको निमित्त सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.१५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, पुस २९ गते, २०८१ साल (अतिरिक्ताङ्क ४७

# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत् २०८१ सालको अध्यादेश नं. ०५

### निजीकरण ऐन, २०५० लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावनाः निजीकरण ऐन, २०५० लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**(१)** **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस अध्यादेशको नाम "निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

**(२)** **<u>निजीकरण ऐन, २०५० को लामो नाम र संक्षिप्त नाममा संशोधन:</u>** निजीकरण ऐन, २०५० (यसपछि "मूल ऐन" भनिएको) को लामो नाम र संक्षिप्त नाममा रहेको "निजीकरण" भन्ने शब्दको सट्टा "सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन" भन्ने शब्दहरू राखिएका छन्।

**(३)** **<u>मूल ऐनको प्रस्तावनामा संशोधन:</u>** मूल ऐनको प्रस्तावनामा रहेका "प्रतिष्ठानहरूलाई निजीकरण गरी" भन्ने शब्दहरूको सट्टा "सार्वजनिक प्रतिष्ठानमा रहेको सरकारी लगानीलाई" भन्ने शब्दहरू राखिएका छन्।

**(४)** **<u>मूल ऐनको दफा ४ मा संशोधन:</u>** मूल ऐनको दफा ४ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) सरकारी लगानी व्यवस्थापन सम्बन्धी कार्यक्रम र प्राथमिकता निर्धारण गरी वर्गीकरण गर्ने।"

(२) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) सरकारी लगानी व्यवस्थापन गर्नु पर्ने प्रतिष्ठानको पहिचान गर्ने।"

(३) खण्ड (ङ) मा रहेको "अनुगमन" भन्ने शब्द पछि "तथा मूल्याङ्कन" भन्ने शब्दहरू थपिएका छन्।

(४) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-

"(च१) सरकारी लगानी व्यवस्थापन सम्बन्धमा आवश्यक मापदण्ड, कार्यविधि वा निर्देशिका बनाउन अर्थ मन्त्रालयमा सिफारिस गर्ने।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**(५)** **मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को उपदफा (६) मा रहेका "कुनै स्वदेशी वा विदेशी" भन्ने शब्दहरू झिकिएका छन्।

**(६)** **मूल ऐनमा दफा ५क., ५ख., ५ग. र ५घ. थपः** मूल ऐनको दफा ५ पछि देहायका दफा ५क., ५ख., ५ग. र ५घ. थपिएका छन्:-

"**५क. कार्यान्वयन समितिः** (१) प्रतिष्ठानको सरकारी लगानी व्यवस्थापन सम्बन्धी निर्णयलाई व्यवस्थित रूपमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न देहायको कार्यान्वयन समिति रहनेछः-

(क) सचिव, अर्थ मन्त्रालय (संस्थान समन्वय हेर्ने) - संयोजक

(ख) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय (संस्थान समन्वय हेर्ने) - सदस्य

(घ) सहसचिव, प्रतिष्ठानसँग सम्बन्धित मन्त्रालय - सदस्य

(ङ) कार्यकारी प्रमुख, सम्बन्धित प्रतिष्ठान - सदस्य

(२) कार्यान्वयन समितिको सचिवालय अर्थ मन्त्रालयमा रहनेछ।

(३) अर्थ मन्त्रालयको सरकारी लगानी व्यवस्थापन विषय हेर्ने शाखाको उपसचिवले कार्यान्वयन समितिको सचिवको रूपमा कार्य गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कार्यान्वयन समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा प्रत्येक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ।

(५) कार्यान्वयन समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**५ख. <u>कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार</u>**: कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिबाट भएको निर्णय कार्यान्वयन गर्ने, वार्षिक कार्ययोजना तयार गर्ने,

(ख) समितिबाट सरकारी लगानी व्यवस्थापन गरिएको प्रतिष्ठानको वर्षमा कम्तीमा एक पटक अनुगमन गरी वा गराई प्रतिवेदन प्राप्त गर्ने,

(ग) समितिबाट सरकारी लगानी व्यवस्थापन गरिएको प्रतिष्ठानसँग भएको सम्झौता कार्यान्वयनमा सहजीकरण गर्ने,

(घ) समितिबाट सरकारी लगानी व्यवस्थापन गरिएको प्रतिष्ठानले सम्झौता बमोजिम नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व रकम सञ्चित कोषमा दाखिला गर्ने वा गराउने,

(ङ) सरकारी लगानी व्यवस्थापन सम्बन्धमा अध्ययन गरी वा गराई समितिमा सुझाव पेश गर्ने,

(च) प्रतिष्ठान सुधार, शेयर विनिवेश, लिज, पट्टा, सम्पत्तिको मौद्रिकीकरण, एकआपसमा गाभ्ने वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गाभिने सम्बन्धी विषयमा आवश्यक मापदण्ड, कार्यविधि, निर्देशिका बनाई समितिमा पेश गर्ने,

(छ) आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिमा पेश गर्ने,

(ज) प्रतिष्ठान सुधार तथा सरकारी लगानी व्यवस्थापन सम्बन्धमा समितिको निर्देशन बमोजिम अन्य आवश्यक कार्य गर्ने।

**५ग. <u>सरकारी लगानी व्यवस्थापन इकाईः</u>** (१) प्रतिष्ठानमा रहेको सरकारी लगानी व्यवस्थापन सम्बन्धमा समिति र कार्यान्वयन समितिलाई सहयोग गर्न अर्थ मन्त्रालयको संस्थान हेर्ने महाशाखा प्रमुखको संयोजकत्वमा तोकिए बमोजिम एक इकाई रहनेछ।

(२) उपदफा (१) बमोजिमको इकाईमा आवश्यकता अनुसार नेपाल सरकारका जुनसुकै निकाय, नेपाल राष्ट्र बैङ्क वा सार्वजनिक प्रतिष्ठानमा कार्यरत कर्मचारीलाई काजमा ल्याई वा आवश्यकता अनुसार विशेषज्ञ वा विज्ञलाई करार सेवामा लिई काममा लगाउन सकिनेछ।

**५घ. <u>व्यवस्थापन करार र भाडामा निजी क्षेत्रको सहभागिताः</u>** (१) दफा ८ को खण्ड (घ) बमोजिम प्रतिष्ठानसँग सम्बन्धित मन्त्रालयले प्रतिष्ठानको केही सम्पत्ति भाडामा दिएर वा खण्ड (ङ) बमोजिम व्यवस्थापन शुल्क दिने गरी सरकारी लगानी व्यवस्थापन गर्दा सोको विस्तृत अध्ययन गरी मूल्याङ्कन विधि र छनोट प्रक्रियाको विषयमा समेत समितिबाट सैद्धान्तिक सहमति लिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम समितिबाट सैद्धान्तिक सहमति प्राप्त भएमा स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृति प्राप्त भएमा राष्ट्रियस्तरको कुनै पत्रपत्रिकामा सूचना प्रकाशित गरी निजी क्षेत्रबाट प्रस्ताव आह्वान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रस्तावलाई उपदफा (१) बमोजिमको मूल्याङ्कन विधि र छनोट प्रक्रियालाई आधार लिई प्रस्तावको मूल्याङ्कन गरी दफा ११ बमोजिम सम्झौता गर्नु पर्नेछ।"

**(७) मूल ऐनको दफा ६ मा संशोधनः** मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. **सरकारी लगानी व्यवस्थापन गर्नको लागि सूचना प्रकाशन गर्नु पर्नेः** (१) ऐनको दफा ५घ. बमोजिमको प्रक्रिया बाहेक समितिले कुनै प्रतिष्ठानको सरकारी लगानी व्यवस्थापन गर्न आवश्यक देखेमा सोको प्रक्रिया निर्धारण गरी अर्थ मन्त्रालयमार्फत् स्वीकृतिको लागि नेपाल सरकारसमक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृतिप्राप्त भएपछि सोको सूचना अर्थ मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्नेछ।"

**(८) मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) प्रतिष्ठानको शेयर विनिवेश गरेर,

तर त्यसरी शेयर विनिवेश गर्दा प्रतिष्ठानको प्रकृति तथा वित्तीय अवस्था हेरी सम्भव भएसम्म



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जनसाधारण, कामदार तथा कर्मचारीको सहभागितालाई प्राथमिकता दिइनेछ।"

(२) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) राखिएको छः-

"(ङ१) प्रतिष्ठानको सम्पत्ति मौद्रिकीकरण गरेर,"

**(९) <u>मूल ऐनको दफा ९ मा संशोधनः</u>** मूल ऐनको दफा ९ मा रहेका "अन्तर्राष्ट्रिय प्रचलन अनुसार" भन्ने शब्दहरू झिकिएका छन्।

**(१०) <u>मूल ऐनको दफा १० मा संशोधनः</u>** मूल ऐनको दफा १० को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (ख) मा रहेका "साबिककै प्रकृतिमा" भन्ने शब्दहरूको सट्टा "उच्च प्रतिफल प्राप्त हुने" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ग) झिकिएको छ।

(ग) खण्ड (च) मा रहेको "स्तरीय" भन्ने शब्द झिकिएको छ।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) राखिएको छः-

"(१क) उपदफा (१) बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कनको आधारलाई एक सय पूर्णाङ्क मानी समितिले अङ्कभार तोक्न सक्नेछ।"

**(११) <u>मूल ऐनको दफा १७ मा संशोधनः</u>** मूल ऐनको दफा १७ मा रहेको "सम्बन्धित" भन्ने शब्द पछि "मन्त्रालय वा" भन्ने शब्दहरू राखिएका छन्।

**(१२) <u>मूल ऐनको दफा १८ मा संशोधनः</u>** मूल ऐनको दफा १८ मा रहेका "पाँच हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "एक लाख रुपैयाँसम्म" भन्ने शब्दहरू राखी सो दफामा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर त्यस्तो सजाय गर्नुअघि सफाइ पेश गर्ने उचित मौका दिनु पर्नेछ।"

(१३) **<u>मूल ऐनको दफा १९ मा संशोधनः</u>** मूल ऐनको दफा १९ मा रहेका "सदस्य-सचिव," भन्ने शब्दहरू पछि "कार्यान्वयन समिति" भन्ने शब्दहरू थपिएका छन्।

(१४) **<u>मूल ऐनमा दफा २०क. थपः</u>** मूल ऐनको दफा २० पछि देहायको दफा २०क. थपिएको छः-

"**२०क. <u>कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेः</u>** यस ऐन र यस अन्तर्गत बनेको नियमको अधीनमा रही समितिको सिफारिसमा अर्थ मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।"

(१५) **<u>रूपान्तरणः</u>** मूल ऐनको ठाउँ ठाउँमा रहेका "प्रतिष्ठानलाई निजीकरण" भन्ने शब्दहरूको सट्टा "प्रतिष्ठानमा रहेको सरकारी लगानी व्यवस्थापन" भन्ने शब्दहरू र "निजीकरण" भन्ने शब्दहरूको सट्टा "सरकारी लगानी व्यवस्थापन" भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको छ।

प्रमाणीकरण मितिः २०८१।०९।२९

**आज्ञाले,**
**कोमल बहादुर खत्री**
**नेपाल सरकारको निमित्त सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.५।-**
**गो.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, पुस २९ गते, २०८१ साल (अतिरिक्ताङ्क ४५


## भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत् २०८१ सालको अध्यादेश नं. ०३

### सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावनाः** सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल सङ्घीय संसदको अधिवेशन नभएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश,२०८१" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ मा संशोधनः** गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "गैरआवासीय नेपाली" भन्नाले देहायको व्यक्ति सम्झनु पर्छः-

(१) गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति,

(२) नेपाली मूलको विदेशी नागरिक,

(३) विदेशमा बस्ने नेपाली नागरिक।"

(ख) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) "गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति" भन्नाले कानून बमोजिम गैरआवासीय नेपाली नागरिकताको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रमाणपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।"

(२) दफा ११ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा बसोबास गर्ने गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति वा परिचयपत्र प्राप्त नेपाली मूलको विदेशी नागरिक वा निजको परिवारलाई दश वर्षसम्मको गैरआवासीय भिसा निशुल्क उपलब्ध गराइनेछ।"

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्तिलाई एकपटकमा दुई वर्ष अवधिको बहुप्रवेश सुविधा सहितको आवासीय भिसा निशुल्क उपलब्ध गराइनेछ।"

३. **सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा संशोधनः** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को,-

(१) दफा २ को खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(च१) "नागरिक एप" भन्नाले दफा ३७क. बमोजिमको नागरिक एप सम्झनु पर्छ।"

(२) दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"३क. <u>नेपाल सरकारबाट कार्य सम्पादन भएको मानिनेः</u> (१) प्रचलित कानूनमा नेपाल सरकारबाट सम्पादन हुने भनिएका विषयमध्ये देहायका विषय नेपाल सरकार, मन्त्रिपरिषद्बाट र सो बाहेकका अन्य विषय नेपाल सरकारको कार्यसम्पादन नियमावली वा नेपाल सरकारबाट अधिकार प्रत्यायोजन भए बमोजिम सम्बन्धित मन्त्री वा मन्त्रीले अधिकार प्रत्यायोजन गरे बमोजिम नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतबाट सम्पादन भएकोमा त्यस्तो कार्य नेपाल सरकारबाट सम्पादन भएको मानिनेछः-

(क) प्रचलित कानूनमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट सम्पादन हुने भनी उल्लेख भएका विषय,

(ख) नेपाल सरकारको कार्यसम्पादन नियमावली बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्नु पर्ने विषय,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रचलित कानूनमा नेपाल सरकारमा पुनरावेदन लाग्ने भनी उल्लेख भएका विषय।

(२) उपदफा (१) बमोजिम कार्यसम्पादन गरिने कुनै विषयको सम्बन्धमा अन्य कुनै कानून वा नेपाल सरकारको कार्यसम्पादन नियमावलीले कुनै अधिकारीलाई जिम्मेवारी तोकेको रहेछ भने त्यसरी जिम्मेवारी तोकिएको हदसम्म यस दफा बमोजिम अधिकार प्रत्यायोजन गर्नु पर्ने छैन।"

(३) दफा १५ को,-

(क) उपदफा (१) मा रहेका "निर्णय गर्नुपर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले उपयुक्त ठहऱ्याएको समयावधिभित्र" भन्ने शब्दहरुको सट्टा "निर्णय गर्नु पर्ने विषयसँग सम्बन्धित सूचना, प्रमाण वा कागजात प्राप्त भएको सात कार्यदिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) पछि देहायका उपदफा (४), (५), (६) र (७) थपिएका छन्:-

"(४) यस दफा बमोजिम निर्णय नगर्ने वा आफुले निर्णय गर्नुपर्ने विषय निर्णय नगरी पन्छाउने पदाधिकारीलाई देहाय बमोजिमको अधिकारीले चेतावनी दिन सक्नेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कार्यालयका कर्मचारीलाई कार्यालय प्रमुखले,

(ख) कार्यालय प्रमुखलाई विभागीय प्रमुखले,

(ग) विभागीय प्रमुखलाई सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायको सचिवले,

(घ) सचिवलाई मुख्य सचिवले।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि जुन अधिकारीलाई चेतावनी दिनुपर्ने हो सो अधिकारी र चेतावनी दिने अधिकारी समान तह वा श्रेणीको भएमा एक तह माथिको अधिकारीले चेतावनी दिनेछ र विभागीय सजाय नहुने पदाधिकारीलाई नियुक्ति गर्ने अधिकारीले स्पष्टीकरण माग गर्न सक्नेछ ।

(६) उपदफा (४) बमोजिम दिएको चेतावनीको अभिलेख राख्नु पर्नेछ र त्यसरी चेतावनी पाउने अधिकारी कर्मचारी भएमा त्यस्तो कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित सुपरिवेक्षक र पुनरावलोकनकर्ताले त्यस्तो अभिलेखलाई समेत आधार मान्नु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) दफा २१ को उपदफा (३) मा रहेका "सम्बन्धित मन्त्री" भन्ने शब्दहरुको सट्टा "मुख्य सचिव" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा २३ को उपदफा (२) को खण्ड (छ) को ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद" भन्ने शब्दहरुको सट्टा "सङ्घीय संसद" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा ३७ को,-

(क) दफा शीर्षकमा रहेका "ल्याउन सकिने" भन्ने शब्दहरुको सट्टा "ल्याउने" भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (१) मा रहेका "ल्याउन सक्नेछन्" भन्ने शब्दहरुको "ल्याउनु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा ३७ पछि देहायको दफा ३७क. थपिएको छः-

"३७क. **नागरिक एप बनाई प्रयोगमा ल्याउनेः** (१) नेपाल सरकारले कम्प्युटर, मोबाइल फोन, ट्याबलेट वा यस्तै किसिमका अन्य विद्युतीय उपकरण मार्फत नागरिकलाई प्रत्यक्ष र शीघ्र सेवा प्रवाहमा पहुँच दिन नागरिक एप बनाई प्रयोगमा ल्याउनेछ।

(२) सङ्घ, प्रदेश र स्थानीय तहका सार्वजनिक सेवा प्रवाह गर्ने मन्त्रालय, संवैधानिक निकाय वा केन्द्रीय, प्रदेश वा स्थानीयस्तरका कार्यालयहरुले आफ्नो स्रोत र साधनको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपलब्धताको आधारमा कम्प्यूटरीकृत सूचना प्रविधिलाई नागरिक एपसँग अन्तरआबद्धता (इन्टरलिङ्क) गरी प्रयोगमा ल्याउनु पर्नेछ।

(३) नागरिक एपको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(८) दफा ४५ को सट्टा देहायको दफा ४५ राखिएको छः-

"४५. **दिग्दर्शन बनाउन सक्नेः** मन्त्रालयले काम कारबाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययी रुपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यता अनुसार आन्तरिक दिग्दर्शन बनाई लागू गर्न सक्नेछ।"

४. **घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा संशोधनः** घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को,-

(१) दफा २ को खण्ड (ग) मा रहेका "तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ" भन्ने शब्दहरुको सट्टा "तेजाब बाहेक अन्य रासायनिक पदार्थ" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ५क. को उपदफा (१) मा रहेका "तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ" भन्ने शब्दहरुको सट्टा "तेजाब बाहेक अन्य रासायनिक पदार्थ" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १३ को उपदफा (१) मा रहेका "तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ" भन्ने शब्दहरुको सट्टा "तेजाब



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाहेक अन्य रासायनिक पदार्थ" भन्ने शब्दहरु राखिएका छन्।

५. **कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० मा संशोधनः** कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को,-

(१) दफा १७ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जफत गरिएको जग्गाको क्षेत्रफल कम भएको कारण प्रचलित कानून बमोजिम कित्ताकाट हुन सक्ने अवस्था नभएमा वा त्यस्तो जग्गा सार्वजनिक वा सरकारी प्रयोजनको लागि उपयोगमा ल्याउन सकिने अवस्था नभएमा वा समग्र कित्ता जग्गा जफत नभई जग्गाको केही भाग जफत हुने ठहरेकोमा त्यस्तो भाग छुट्याउँदा जग्गाधनीको अन्य भौतिक संरचनामा क्षति वा नोक्सान हुने भएमा वा निकासमा अवरोध हुने भएमा र त्यस्तो जग्गाको धनीले दफा १८ बमोजिम कायम गरिएको मूल्य दिई त्यस्तो जग्गा लिन चाहेमा त्यस्तो मूल्य लिई जग्गा निजलाई छाडिदिन सकिनेछ।"

(२) दफा २६ पछि देहायको दफा २६क. थपिएको छः-

"२६क. **अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेः** विभागले यस ऐन बमोजिम सम्पत्ति वा साधन व्यवस्थापन तथा लिलाम बिक्री गर्ने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **श्रम ऐन, २०७४ मा संशोधन:** श्रम ऐन, २०७४ को दफा १४७ को ठाउँ ठाउँमा रहेका "अन्ठाउन्न वर्ष" भन्ने शब्दहरुको सट्टा "साठी वर्ष" भन्ने शब्दहरु राखिएका छन्।

७. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा संशोधन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को,-

(१) दफा ११ को उपदफा (२) को खण्ड (न) को उपखण्ड (११) पछि देहायको उपखण्ड (११क) थपिएको छः-

"(११क) एम्बुलेन्स, वारूणयन्त्रको सञ्चालन तथा व्यवस्थापन,"

(२) दफा ११६ को सट्टा देहायको दफा ११६ राखिएको छः-

"११६. **कार्यवाहक भई काम गर्ने:** (१) अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख दुवै निलम्बनमा परेमा वा कुनै कारणले दुवै पद रिक्त भएमा कार्यपालिकाका सदस्यहरुले आफूहरूमध्येबाट छनोट गरेको सदस्यले कार्यवाहक अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुख भई काम गर्नेछ।

(२) वडा अध्यक्षको पद कुनै कारणले रिक्त भएमा वा निज निलम्बनमा परेमा वडा समितिका सदस्यहरुले आफूहरु मध्येबाट छनोट गरेको सदस्यले कार्यवाहक वडा अध्यक्ष भई कार्य गर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. **<u>मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधनः</u>** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को,-

(१) दफा ११७ को,-

(क) उपदफा (२) मा रहेका "हानि, नोक्सानी" भन्ने शब्दहरु पछि ",चेक अनादरको जरियाबाट उठेको बैङ्किङ कसूर, आपराधिक विश्वासघात वा आपराधिक लाभ" र सोही उपदफामा रहेका "मनासिब लागेमा" भन्ने शब्दहरु पछि "जुनसुकै तहमा विचाराधीन रहेको वा फैसला कार्यान्वयन गर्दाको अवस्थामा रहेको भए तापनि" भन्ने शब्दहरु थपिएका छन्।

(ख) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (२) बमोजिम मिलापत्र भएमा त्यस्तो मुद्दाका सम्बन्धमा फैसला बमोजिम भएको दण्ड, जरिबाना वा शुल्कको लगत कट्टा हुनेछ।"

(२) दफा १२० को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (२) बमोजिम मिलापत्र भएमा त्यस्तो मुद्दाका सम्बन्धमा फैसला बमोजिम भएको दण्ड, जरिबाना वा शुल्कको लगत कट्टा हुनेछ।"

(३) दफा १३७ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (१) र (२) मा लेखिएको व्यक्ति बाहेक अन्य व्यक्तिले शुरु अदालतमा धरौट वा जमानत जम्मा गरेको रहेछ भने त्यस्तो धरौट वा जमानत रकमको पन्ध्र प्रतिशत थप धरौट वा जमानत जम्मा गरी पुनरावेदन गर्न सक्नेछ।

तर शुरु अदालतले धरौट वा जमानत नराखेको वा सफाई दिई पुनरावेदन सुन्ने अदालतले कैद गरेकोमा कैद बापतको रकम जम्मा गरी पुनरावेदन गर्न सक्नेछ।"

(ख) उपदफा (६) मा रहेका "छ महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "एक वर्षभित्र" भन्ने शब्दहरु र "गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "गर्न सक्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा १५५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) पहिलो पटक कसूरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको कसुरदारले कैदको सट्टा त्यस्तो कैद बापत रकम लिई कैदबाट छाडिदिन निवेदन दिएमा अदालतले त्यस्तो रकम लिई कैदमा बस्नु नपर्ने गरी आदेश दिनु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) दफा १६७ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) चाँडै नासिने वा बिग्रने सम्पत्ति, चौपाया वा सवारी साधन भए त्यस्तो सम्पत्ति लिलाम बिक्री गरी त्यसबाट प्राप्त रकम धरौटी खातामा जम्मा गर्न लगाउने,

तर सवारी साधनको हकमा सवारी धनीले त्यस्तो सवारी साधनको परल मूल्यमा ह्रासकट्टी गरी हुन आएको रकम धरौटी खातामा जम्मा गरेमा त्यस्तो सवारी साधन सम्बन्धित धनीलाई फिर्ता दिनु पर्नेछ।"

९. **स्वास्थ्य बीमा ऐन, २०७४ मा संशोधनः** स्वास्थ्य बीमा ऐन, २०७४ को,-

(१) दफा ९ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) प्रथम सेवा विन्दुको प्रयोजनको लागि प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सेवा प्रदायक स्वास्थ्य संस्था रहने गरी बोर्डले सम्झौता गर्नु पर्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "प्रथम सेवा विन्दु" भन्नाले बीमितले सर्वप्रथम स्वास्थ्य सेवा लिने गरी रोजेको स्वास्थ्य संस्था सम्झनु पर्छ।"

(२) दफा १८ को खण्ड (घ) झिकिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) दफा २१ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) दफा १८ को खण्ड (क) र (ग) बमोजिमको योग्यता पुगेको,"

(४) दफा २५ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) कुनै कारणले कार्यकारी निर्देशकको पद रिक्त भएमा दफा २२ को उपदफा (३) बमोजिम कार्यकारी निर्देशक नियुक्ति नभएसम्मको लागि कार्यकारी निर्देशकको रुपमा काम गर्न मन्त्रालयले मन्त्रालय वा अन्तर्गत बहाल रहेको नेपाल स्वास्थ्य सेवाको कम्तीमा एघारौं तहको कर्मचारीलाई खटाउन सक्नेछ।"

**१०. <u>सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधनः</u>** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) यस दफा बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सो सूचनामा तोकेको क्षेत्रमा तोकिदिएको मितिदेखि लागु हुने गरी राष्ट्रिय परिचय नम्बर अनिवार्य गर्न सक्नेछ।"

**११. <u>अपराध पीडित संरक्षण ऐन, २०७५ मा संशोधनः</u>** अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३७ को सट्टा देहायको दफा ३७ राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"**३७. <u>पीडितको मृत्यु भएमा क्षतिपूर्ति पाउने:</u>** यस ऐन बमोजिम क्षतिपूर्ति रकम प्राप्त नगर्दै पीडितको मृत्यु भएमा त्यस्तो रकम निजको एकासगोलको पति वा पत्नी, छोरा छोरी वा बाबु आमाले पाउनेछ।"

**१२. <u>निवृत्तभरण कोष ऐन, २०७५ मा संशोधन:</u>** निवृत्तभरण कोष ऐन, २०७५ को दफा ९ को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) शिक्षक सेवा,"

**१३. <u>योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ मा संशोधन:</u>** योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ को,-

(१) दफा २ को,-

(क) खण्ड (ख) पछि देहाय बमोजिमको खण्ड (ख१) थपिएको छः-

"(ख१) "उपकुलपति" भन्नाले दफा २७ बमोजिमको उपकुलपति सम्झनु पर्छ।"

(ख) खण्ड (ङ) झिकिएको छ।

(२) दफा ७ को,-

(क) उपदफा (२) को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) राष्ट्रिय योजना आयोगको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शिक्षा हेर्ने
सदस्य -सदस्य"

(२) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) सचिव, नेपाल सरकारको स्वास्थ्यसम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य"

(३) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) र (ञ२) थपिएका छन्ः-

"(ञ१) शैक्षिक क्षेत्रमा योगदान गरेका व्यक्ति वा आयुर्वेद चिकित्सा विधामा राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरमा ख्याति प्राप्त विज्ञमध्येबाट विश्वविद्यालय परिषद्बाट मनोनित कम्तीमा एकजना महिला सहित तीन जना - सदस्य

(ञ२) शैक्षिक क्षेत्रमा योगदान गरेका व्यक्ति वा आयुर्वेद चिकित्सा विधामा राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरमा ख्याति प्राप्त विज्ञमध्येबाट यो खण्ड प्रारम्भ भए पछि पहिलो पटकको हकमा अध्यक्षबाट र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यसपछिको हकमा विश्वविद्यालय परिषद्बाट मनोनित कम्तीमा दुईजना महिला सहित चार जना -सदस्य"

(ख) उपदफा (७) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) उपदफा (२) को खण्ड (ज), (झ), (ञ), (ञ१), (ञ२) र (ढ) बमोजिमका सदस्यको हकमा मान्यताप्राप्त कुनै विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,"

(ग) उपदफा (१०) मा रहेका "उपदफा (२) को खण्ड (ज), (झ), (ञ), (ट), (ठ), (ड) र (ढ) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) को खण्ड (ज), (झ), (ञ), (ञ१), (ञ२), (ट), (ठ), (ड) र (ढ) बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

(घ) उपदफा (११) झिकिएको छ।

(३) दफा ७ पछि देहायको दफा ७क. थपिएको छः-

"**७क. <u>विश्वविद्यालय परिषदका मनोनित सदस्य मुक्त हुनेः</u>** (१) देहायको अवस्थामा विश्वविद्यालय परिषद्को मनोनीत सदस्य आफ्नो पदबाट पदमुक्त हुनेछः-

(क) निजको दफा ७ को उपदफा (७) बमोजिमको योग्यता नभएमा वा नरहेमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) निजले पदबाट राजीनामा दिएमा,

(ग) निजको मृत्यु भएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तपनि कुनै सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा विश्वविद्यालय परिषद्ले त्यस्तो व्यक्तिलाई पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।"

(४) दफा ९ को उपदफा (१) मा रहेका "प्रत्येक तीन महिनामा कम्तीमा एकपटक" भन्ने शब्दहरुको सट्टा "वर्षमा कम्तीमा एकपटक" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा २७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) दफा २९ बमोजिमको प्रकृया पूरा गरी अध्यक्षले उपकुलपति नियुक्त गर्नेछ।"

(६) दफा ३१ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) रजिष्ट्रारको नियुक्ति दफा २९ को उपदफा (१) बमोजिमको सिफारिस समितिको सिफारिसमा अध्यक्षबाट हुनेछ।"

(७) लामो नाम, प्रस्तावना, संक्षिप्त नाम र ठाउँ ठाउँमा रहेका "योगमाया आयुर्वेद विश्वविद्यालय" भन्ने शब्दहरुको सट्टा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय " भन्ने शब्दहरु तथा ठाउँ ठाउँमा रहेका "प्रदेश नं. १" भन्ने शब्दहरुको सट्टा "कोशी प्रदेश" भन्ने शब्दहरु र "कुलपति" भन्ने शब्दको सट्टा "उपकुलपति" भन्ने शब्द राखी रुपान्तर गरिएको छ।

प्रमाणीकरण मितिः २०८१।०९।२९

**आज्ञाले,**
**कोमल बहादुर खत्री**
**नेपाल सरकारको निमित्त सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.१५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, पुस २९ गते, २०८१ साल (अतिरिक्ताङ्क ४८


## भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०८१ सालको अध्यादेश नं. ०६**

## आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना**: आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धमा केही नेपाल ऐनलाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

**१.** **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस अध्यादेशको नाम "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" रहेको छ।

(२) यो अध्यादेश तुरून्त प्रारम्भ हुनेछ।

**२.** **विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ मा संशोधन:** विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को,-

(१) दफा २ को खण्ड (छ३) पछि देहायको खण्ड (छ४) थपिएको छः-

"(छ४) "विदेशमा लगानी" भन्नाले नेपालमा संस्थापित कम्पनी वा प्रतिष्ठानले विदेशमा गरेको देहायको लगानी सम्झनु पर्छः-

(१) विदेशको धितोपत्र बजारमा सूचीकृत नभई विदेशमा संस्थापना वा दर्ता भएको सीमित दायित्वको साझेदारी, फर्म, लगानी कोष, कम्पनी वा सीमित दायित्व रहने गरी संस्थापित यस्तै प्रकृतिको निकायको शेयरमा वा शेयर खरिदमा गरेको लगानी,

(२) विदेशको धितोपत्र बजारमा सूचीकृत भई विदेशमा संस्थापना वा दर्ता भएको सीमित दायित्वको साझेदारी, फर्म, लगानी कोष, कम्पनी वा सीमित दायित्व रहने गरी संस्थापित यस्तै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकृतिको निकायको चुक्ता पुँजीको बिस प्रतिशतसम्म शेयरमा वा शेयर खरिदमा गरेको लगानी,

तर कुनै नेपाली नागरिकले आफू विदेशमा रहँदा बस्दाको अवधिमा आर्जन गरेको रकम लगानी गर्दा त्यस्तो सीमा लागू हुने छैन।

(३) नेपालमा संस्थापित कम्पनी वा प्रतिष्ठानले विदेशमा आफ्नो शाखा वा सम्पर्क कार्यालय खोल्न वा दर्ता गर्न गरेको लगानी,

(४) नेपालमा संस्थापित कम्पनी वा प्रतिष्ठानले विदेशमा रहेको बैङ्कको निक्षेप खातामा जम्मा गरिएको रकम, वा

(५) उपखण्ड (१) र (२) बमोजिमको लगानीबाट प्राप्त आयको पुनर्लगानी।"

(२) दफा १०क. को सट्टा देहायको दफा १०क. राखिएको छः-

"१०क. विदेशमा लगानीको नियमनः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति, नेपालमा संस्थापित कम्पनी वा प्रतिष्ठानले विदेशमा लगानी गर्न पाउनेछः-

(क) विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को दफा ३ को उपदफा (२)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको सूचनामा विदेशमा लगानी गर्न पाउने गरी छुट दिएको उद्योग,

(ख) औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम सूचना प्रविधि उद्योगको वर्गीकरणमा परेको उद्योग,

(ग) कुनै नेपाली नागरिकले आफू विदेशमा रहँदा बस्दाको अवधिमा गरेको आर्जनबाट प्राप्त रकम,

(घ) विदेशी लगानीकर्ताले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ७क. को उपदफा (२) बमोजिम प्राप्त विदेशी मुद्राको रकम।

(२) नेपालमा संस्थापित कम्पनीको विदेशस्थित मुख्य कम्पनीले वा त्यस्तो मुख्य कम्पनीको विदेशस्थित अन्य सहायक कम्पनीले नेपालमा संस्थापित कम्पनीको नेपालमा बसोबास गर्ने नेपाली नागरिक कर्मचारीको हकमा समेत लागू हुने गरी सञ्चालन वा कार्यान्वयन गरेको कर्मचारी शेयर बिक्री योजना अन्तर्गत त्यस्तो कर्मचारीले नेपालबाट बाहिर परिवर्तीय मुद्रा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विप्रेषण नहुने गरी शेयर प्राप्त गर्न र त्यस्तो शेयरबाट आय आर्जन गर्न पाउनेछ।

(३) विदेशमा लगानी गर्ने व्यक्ति, कम्पनी वा प्रतिष्ठानले पालना गर्नु पर्ने शर्त, त्यस्तो लगानीको क्षेत्रगत अधिकतम सीमा तथा तत्सम्बन्धी अन्य व्यवस्था नेपाल राष्ट्र बैङ्कले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी निर्धारण गरिदिए बमोजिम हुनेछ।"

३. **<u>राजस्व न्यायाधिकरण ऐन, २०३१ मा संशोधनः</u>** राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा रहेका "धरौट नराखी" भन्ने शब्दहरूको सट्टा "धरौट वा शर्त बिनाको मुद्दाको अवधिसम्म अद्यावधिक हुन सक्ने बैङ्क जमानत नराखी" भन्ने शब्दहरू राखिएका छन्।

४. **<u>कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा संशोधनः</u>** कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ३ को,-

(क) उपदफा (१) झिकिएको छ।

(ख) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिम" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानून बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

५. **<u>राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा संशोधनः</u>** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को,-

(१) दफा १२ को उपदफा (४) मा रहेका "त्यस्तो व्यक्तिलाई जुनसुकै ठाउँमा पक्राउ गरी" भन्ने शब्दहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पछि "बाटोको म्याद बाहेक चौबिस घण्टाभित्र" भन्ने शब्दहरू थपिएका छन्।

(२) दफा १३क. को,-

(क) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(ख) उपदफा (६) पछि देहायका उपदफा (७) र (८) थपिएका छन्:-

"(७) उपदफा (२) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम मुद्दा दायर हुनुअघि सम्बन्धित व्यक्तिले बिगो र लाग्ने जरिबाना रकम भुक्तानी गर्छु भनी निवेदन दिएमा विभागले बिगो र लाग्ने जरिबाना रकम असुल गरी मुद्दा नचलाउने निर्णयको लागि सरकारी वकील कार्यालयमा पेश गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम लेखिआएमा सरकारी वकील कार्यालयले त्यस्तो मुद्दा नचलाउने निर्णय गर्नेछ।"

(ग) ठाउँ-ठाउँमा रहेका "पचास लाख" भन्ने शब्दहरूको सट्टा "तीन करोड" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा २० को,-

(क) उपदफा (३) मा रहेका "यकीन गरी" भन्ने शब्दहरू पछि "मिसिल प्राप्त भएको मितिले तीस दिनभित्र" भन्ने शब्दहरू थपिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उपदफा (४) मा रहेका "मिसिल प्राप्त भएकोमा" भन्ने शब्दहरूको सट्टा "मिसिल प्राप्त भएको मितिले साठी दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा २४ पछि देहायका दफा २४क. र दफा २४ख. थपिएका छन्:-

"२४क. <u>मिलापत्र हुन सक्नेः</u> (१) यस ऐन बमोजिम मुद्दा दायर भई विचाराधीन रहेको मुद्दामा प्रतिवादीले बिगो र लाग्ने जरिबाना भुक्तानी गरी मिलापत्र गराई पाउँ भनी निवेदन दिएमा मिलापत्र हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मिलापत्र फैसला कार्यान्वयनको चरणमा समेत गर्न सकिनेछ। त्यसरी मिलापत्र भएकोमा प्रतिवादीलाई भएको कैद सजायको लगत कट्टा हुनेछ।

(३) उपदफा (१) बमोजिम मुद्दा मिलापत्र गर्दा प्रतिवादीको चल अचल सम्पत्ति रोक्का फुकुवा गर्नु पर्ने भए सो फुकुवा समेत गरी सम्बन्धित मुद्दा हेर्ने अधिकारीले मिलापत्र कार्यान्वयन गरी दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम मिलापत्र गर्दा सरकारी वकीलको राय लिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम मिलापत्र गर्दा एकभन्दा बढी प्रतिवादी भएकोमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित प्रतिवादीको बिगो र जरिबाना यकीन भएकोमा आफ्नो हकको बिगो र जरिबाना भुक्तान गरी मिलापत्र गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिम मिलापत्र गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लिखित कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

२४ख. <u>मुद्दा फिर्ता लिन सकिने</u>ः जानाजान वा बदनियतपूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेकोमा बाहेक प्रतिवादी उपर यस ऐन बमोजिम दायर भएको मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लिखित कार्यविधि अवलम्बन गरी फिर्ता लिन सकिनेछ।"

६. **<u>मध्यस्थता ऐन, २०५५ मा संशोधन</u>ः** मध्यस्थता ऐन, २०५५ को,-

(१) दफा १३ पछि देहायको दफा १३क. थपिएको छः-

"१३क. <u>द्रुत मध्यस्थता सेवा</u>ः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पक्षहरूले सम्झौता वा सहमति गरी तोकिए बमोजिमको द्रुत मध्यस्थता सेवा अवलम्बन गरी विवाद समाधान गर्न सक्नेछन्।"

(२) दफा ३० को,-

(क) उपदफा (३) को खण्ड (ख) मा रहेका "हित वा" भन्ने शब्दहरू झिकिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) उपदफा (१) बमोजिम परेको निवेदन उपर अदालतले सुनुवाई गर्दा मध्यस्थले आधार लिएको प्रमाणको पुनः परीक्षण गर्ने गरी सुनुवाई गर्नु हुँदैन।"

(३) दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएको छः-

"३२. अदालतबाट निर्णय कार्यान्वयन हुनेः (१) दफा ३१ बमोजिमको अवधिभित्र निर्णय कार्यान्वयन हुन नसकेमा सो म्याद नाघेको तीस दिनभित्र मध्यस्थको निर्णय कार्यान्वयन गराउनको लागि सम्बन्धित पक्षले जिल्ला अदालत समक्ष निवेदन दिन सक्नेछ र त्यसरी निवेदन परेमा जिल्ला अदालतले सो निर्णयलाई आफ्नो फैसला सरह द्रुत मध्यस्थताबाट भएको निर्णयको हकमा पन्ध्र दिन र सो बाहेक अन्य निर्णयको हकमा साधारणतया तीस दिनभित्र कार्यान्वयन गरिदिनु पर्नेछ।

(२) यो उपदफा प्रारम्भ भएपछि दफा ३० को उपदफा (१) बमोजिम निवेदन दायर गरेको कारणले मात्र मध्यस्थको निर्णय कार्यान्वयन गर्न बाधा पर्ने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३० को उपदफा (१) बमोजिम निवेदन दायर गर्ने पक्षले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मध्यस्थको निर्णय कार्यान्वयन स्थगित राखिपाउँ भनी छुट्टै निवेदन दिएकोमा सो बमोजिमको निवेदन टुङ्गो नलागेसम्म उच्च अदालतले देहायको अवस्थामा मध्यस्थताको निर्णयको कार्यान्वयन स्थगित गर्नु भन्ने आदेश जारी गर्न सक्नेछः-

(क) सम्झौता वा मध्यस्थको निर्णय प्रथम दृष्टिमा नै भ्रष्टाचार वा जालसाजबाट ग्रसित वा प्रभावित भएको देखिएकोमा, वा

(ख) निवेदकलाई अपूरणीय क्षति पुग्ने कुरा सारभूत रूपमा पुष्टि भएमा।”

७. **<u>कम्पनी ऐन, २०६३ मा संशोधन:</u>** कम्पनी ऐन, २०६३ को,-

(१) दफा ४ को उपदफा (२) को खण्ड (च) मा रहेका “प्रमाणपत्रको प्रमाणित प्रतिलिपि” भन्ने शव्दहरूको सट्टा “प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, संस्थापक गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति भए निजको गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि” भन्ने शव्दहरू राखिएका छन्।

(२) दफा १८ मा उपदफा (३) पछि देहायका उपदफा (३क), (३ख), (३ग) र (३घ) थपिएका छन्:-

“(३क) कम्पनीले कम्पनी संस्थापना भएपछि पनि संस्थापक वा अन्य कुनै व्यक्तिलाई नगद बाहेक अरू कुनै किसिमबाट शेयर खरिद, जारी वा शेयरमा हक प्राप्त गर्ने अधिकार प्रदान गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३ख) कम्पनीले संस्थापक वा अन्य कुनै व्यक्तिलाई नगद बाहेक अरू कुनै किसिमबाट शेयर निष्कासन वा बिक्री गर्दा वा हक प्रदान गर्दा कम्पनीको साधारण सभाबाट विशेष प्रस्ताव पारित गर्नु पर्नेछ। त्यसरी विशेष प्रस्ताव पारित गर्दा शेयर डिस्काउन्टमा निष्कासन वा बिक्री गर्ने निर्णय गर्न सक्नेछ।

(३ग) यस दफा बमोजिम कम्पनीले संस्थापक वा अन्य कुनै व्यक्तिलाई नगद बाहेक अरू कुनै किसिमबाट शेयर निष्कासन वा बिक्री गर्दा वा हक प्रदान गर्दा संस्थापक वा व्यक्तिबाट कम्पनीलाई प्राप्त हुने बौद्धिक सम्पत्ति, मूल्य वृद्धि, सेवा, व्यापारिक ख्याति (गुडविल), प्राविधिक जानकारी (नो हाउ शेयरिङ्ग) वा प्राविधिक ज्ञानको हस्तान्तरणलाई समेत आधार लिन सक्नेछ। त्यसरी जारी गरिने शेयरको मूल्य प्रचलित कानून बमोजिम मूल्याङ्कन गर्ने प्रमाणपत्र प्राप्त इन्जिनियर वा लेखा व्यवसायीले कारण खुल्ने गरी निर्धारण गरेको मूल्यमा आधारित हुनु पर्नेछ।

(३घ) कम्पनी र कम्पनीको कर्मचारी बीच लिखित सम्झौता भएकोमा कर्मचारीलाई प्रदान गरिने पारिश्रमिक, भत्ता र सुविधाको सट्टामा शेयर प्रदान गर्न सकिनेछ।

(३ङ) उपदफा (२) को खण्ड (क) मा उल्लेख भए बमोजिम संस्थापक वा अन्य कुनै व्यक्तिलाई नगद बाहेक अरू कुनै किसिमबाट शेयर प्रदान गर्दा कम्पनीको चुक्ता पुँजीको बिस प्रतिशतभन्दा बढी हुने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर स्टार्टअप उद्यमको रूपमा दर्ता भएको कम्पनीको हकमा कम्पनीको चुक्ता पुँजीको चालिस प्रतिशतभन्दा बढी हुने छैन।"

(३) दफा २९ को उपदफा (४) झिकिएको छ।

(४) दफा ६३ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर सञ्चालनमा आइसकेको कुनै प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत हुँदा कारोबार गर्ने स्वीकृति आवश्यक पर्ने छैन।"

(५) दफा ६६ पछि देहायको दफा ६६क. थपिएको छः-

"६६क. <u>कर्मचारी शेयर बिक्री योजनाः</u> (१) कम्पनीले कम्पनीको वा कम्पनीको सहायक वा मुख्य कम्पनीको वा कम्पनीको मुख्य कम्पनीको सहायक कम्पनीको सञ्चालक वा कर्मचारीलाई शेयर निष्कासन वा जारी गरी शेयर खरिद गर्न पाउने गरी योजना लागू गर्न सक्नेछ।

तर सञ्चालकको हकमा त्यस्तो सञ्चालक सम्बन्धित कम्पनीको नियमित रोजगारीमा रहेको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको योजना अन्तर्गतको शेयर खरिद गर्ने वा नगर्ने अधिकार सम्बन्धित सञ्चालक वा कर्मचारीमा निहित रहनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिमको योजना लागू गर्नुअघि कम्पनीको साधारण सभाबाट विशेष प्रस्ताव पारित गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको योजनामा देहायका विवरण समावेश गर्नु पर्नेछः-

(क) खरिद गर्न निष्कासन वा जारी गरिने शेयर सङ्ख्या,

(ख) योजनामा भाग लिन पाउने कर्मचारीको विवरण,

(ग) शेयर खरिद खुला रहने अवधि,

(घ) शेयरको खरिद मूल्य,

(ङ) प्रत्येक कर्मचारीले खरिद गर्न पाउने शेयर सङ्ख्या,

(च) अन्य उपयुक्त कुरा।

(५) यस दफा बमोजिम कर्मचारीले खरिद गरेको शेयर सम्बन्धित कम्पनीले निर्धारण गरेको अवधिभर बिक्री वितरण गर्न पाउने छैन।

(६) शेयर खरिद खुला रहने अवधिसम्म बहाल रहेको कर्मचारीले उपदफा (१) बमोजिमको योजनामा सहभागी हुन सक्नेछ।

(७) कुनै कर्मचारीले शेयर खरिद खुला रहने अवधिभित्र शेयर खरिद नगरेमा खरिद नगरिएको शेयर सङ्ख्या अन्य कर्मचारीलाई खरिद गर्न खुला गर्न सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) दफा १०९ को उपदफा (४) बमोजिम तयार गर्नु पर्ने प्रतिवेदनमा कर्मचारी शेयर बिक्री योजना बमोजिम शेयर निष्कासन तथा खरिद भएको विवरण पनि उल्लेख गर्नु पर्नेछ।"

(६) दफा ८१ को उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) यो उपदफा प्रारम्भ हुँदाका बखत यस ऐन बमोजिम कुनै कम्पनीले कार्यालयमा बुझाउन बाँकी विवरण, सूचना वा जानकारी संवत् २०८२ साल असार मसान्तभित्र बुझाएमा यस ऐन बमोजिम विवरण, सूचना वा जानकारी ढिला बुझाए बापत लाग्ने जरिबानामा नब्बे प्रतिशत छुट दिइनेछ।"

(७) दफा ८९ को उपदफा (१) को खण्ड (छ) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर,-

(१) एउटा प्राइभेट कम्पनीको त्यस्तो व्यक्ति समान उद्देश्य भएको अर्को प्राइभेट कम्पनीमा सञ्चालक हुन सक्नेछ।

(२) मुख्य कम्पनीको त्यस्तो व्यक्ति सहायक कम्पनी वा सहायक कम्पनीको त्यस्तो व्यक्ति मुख्य कम्पनीमा सञ्चालक हुन सक्नेछ।

(३) पब्लिक कम्पनीमध्ये बैङ्क, वित्तीय तथा बीमा क्षेत्रसँग सम्बन्धित पब्लिक कम्पनी बाहेक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एउटा पब्लिक कम्पनीको त्यस्तो व्यक्ति समान उद्देश्य भएको अर्को पब्लिक कम्पनीमा सञ्चालक हुन सक्नेछ।"

(८) दफा ११३ मा रहेका "कायम रहन नसकेमा" भन्ने शब्दहरू पछि "प्राइभेट वा धितोपत्र बजारमा सूचीकृत नरहेको पब्लिक कम्पनीको हकमा त्यस्तो कम्पनीको सञ्चालक समितिले कार्यालयलाई जानकारी गराई अर्को लेखापरीक्षक नियुक्त गर्न सक्नेछ र धितोपत्र बजारमा सूचीकृत पब्लिक कम्पनीको हकमा त्यस्तो" भन्ने शब्दहरू थपिएका छन्।

(९) दफा १३६क. को सट्टा देहायको दफा १३६क. राखिएको छः-

"१३६क. कम्पनीको दर्ता खारेज सम्बन्धी विशेष व्यवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत कारोबार सञ्चालन नगरेको वा सञ्चालनमा नरहेको वा दफा ८० बमोजिम विवरण पेश नगरेको वा दफा ८१ बमोजिम लागेको जरिबाना नबुझाएको कम्पनीले दर्ता खारेज गर्न चाहेमा त्यस्तो कम्पनीको साधारण सभाबाट निर्णय गरी कार्यालयमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनको लागि कम्पनीको साधारण सभा आह्वान गर्न वा कम्पनीको साधारण सभामा दफा ७३ बमोजिम गणपूरक सङ्ख्या नपुगेकोले साधारण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सभा बस्न नसकेकोमा उपस्थित सञ्चालक वा शेयरधनीले त्यस्तो कम्पनीको खारेजीको लागि निर्णय गरी कार्यालयमा निवेदन दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको निवेदनसाथ दफा ८० बमोजिमको विवरण सहित दफा ८१ बमोजिम लाग्ने जरिबाना रकम वा कम्पनीको चुक्ता पुँजीको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकममध्ये जुन कम हुन्छ सो रकम समेत संलग्न गरी बुझाउनु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम निवेदन परेमा कार्यालयले दर्ता खारेज गर्नु नपर्ने कुनै कारण भए सो पेश गर्न तिस दिनको अवधि दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र कसैले पनि खारेज गर्न नपर्ने कुनै कारण पेश नगरेमा वा पेश गरेको कारण चित्तबुझ्दो नभएमा कार्यालयले त्यस्तो कम्पनीको दर्ता खारेज गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम कम्पनीको दर्ता खारेज भएकोमा सोको जानकारी सम्बन्धित सञ्चालकलाई दिई कार्यालयको वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) यस दफा बमोजिम कम्पनी खारेज भएमा त्यस्तो कम्पनीको दायित्वको फरफारख दफा १३६ बमोजिम हुनेछ।"

(१०) दफा १३७ को उपदफा (१) मा रहेका "दफा १३६ को उपदफा (५) बमोजिम" भन्ने शब्दहरूको सट्टा "दफा १३६ को उपदफा (५) वा दफा १३६क. को उपदफा (५) बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

(११) दफा १५४ को उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर त्यस्तो विदेशी कम्पनीलाई नियमन गर्ने प्रचलित कानूनको अभाव रहेको वा सम्बन्धित निकाय नभएको मनासिब कारण विदेशी कम्पनीले पेश गरेमा यस उपदफाको प्रयोजनको लागि कार्यालय सम्बन्धित निकाय मानिनेछ।"

(१२) दफा १७६ को उपदफा (१) मा रहेका "कम्पनीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा" भन्ने शब्दहरू पछि "साधारण सभाबाट विशेष प्रस्ताव पारित नगरी" भन्ने शब्दहरू थपिएका छन्।

८. **<u>बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा संशोधनः</u>** बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५५ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) बैङ्क वा वित्तीय संस्थाले कर्जा दिँदा आफूलाई मान्य हुने चल अचल सम्पत्ति सुरक्षण लिई वा अन्य उचित जमानी वा सार्वजनिक निजी साझेदारीको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अवधारणा अन्तर्गत परियोजना कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्तो सरकार वा तह अन्तर्गतको निकाय र लगानीकर्ताबीच भएको परियोजना विकास सम्झौतालाई सुरक्षणको रूपमा स्वीकार गरी आफ्नो र निक्षेपकर्ताको हितको सुरक्षा हुने गरी कर्जा प्रवाह गर्न सक्नेछ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) सार्वजनिक-निजी साझेदारीको अवधारणा अन्तर्गत नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्तो सरकार वा तह अन्तर्गतको निकाय र लगानीकर्ताबीच भएको परियोजना विकास सम्झौता बमोजिम कार्यान्वयन भएको परियोजनामा समस्या उत्पन्न हुँदा वा ऋणीले कर्जा दायित्व पूरा गर्न नसकेको अवस्थाको बैङ्क वा वित्तीय संस्थालाई सम्बन्धित नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्तो सरकार वा तह अन्तर्गतको निकायसँग गरिएको सम्झौता बमोजिम स्टेप-इन अधिकार प्रचलन गराउने अधिकार हुनेछ।"

९. **<u>विशेष आर्थिक क्षेत्र ऐन, २०७३ मा संशोधनः</u>** विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को,-

(१) दफा २ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) "उद्योग" भन्नाले दफा ५ बमोजिम विशेष आर्थिक क्षेत्रमा स्थापना गर्न नसकिने उद्योगको सूचीमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समावेश भएको उद्योग बाहेकको अन्य उद्योग सम्झनु पर्छ।"

(२) दफा १० को उपदफा (२) को,-

(क) खण्ड (क) मा रहेका "सम्झौतामा उल्लिखित" भन्ने शब्दहरूको सट्टा "दफा ११ मा उल्लिखित अवधिभित्र सम्झौता नगरेकोमा वा सम्झौतामा उल्लिखित" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ग) झिकिएको छ।

(३) दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः-

"११. <u>सम्झौता गर्नु पर्ने</u>: (१) अनुमतिपत्रवालाले अनुमतिपत्र प्राप्त गरेको मितिले एक सय बिस दिनभित्र उद्योगको स्थापना र सञ्चालनका सम्बन्धमा देहायका विषयमा प्राधिकरणसँग सम्झौता गर्नु पर्नेछः-

(क) उद्योगको लागि आवश्यक पर्ने भवन, जग्गा वा सेवा (बिजुली, पानी, ढल, फोहरमैला व्यवस्थापन आदि) प्रयोग गरे बापत निजले बुझाउनु पर्ने लिज वा बहालको रकम,

(ख) उद्योग स्थापना तथा सञ्चालन गर्ने मिति,

(ग) उद्योगको उत्पादन निर्यात गर्ने परिमाण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(घ) विदेशी लगानीकर्ता भए प्रविधि हस्तान्तरण गर्ने विषय,

(ङ) तोकिए बमोजिमका अन्य कुराहरू।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र अनुमतिपत्रवालाले सम्झौता गर्न नसकेको मनासिब कारण सहित अवधि थप गर्नको लागि निवेदन दिएमा प्राधिकरणले एक पटकको लागि तिस दिनसम्मको अवधि थप गर्न सक्नेछ।"

(४) दफा १३ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर काबु बाहिरको परिस्थिति परी निर्यात गर्न असमर्थ भएको अवस्थामा उद्योगले प्राधिकरणको पूर्वस्वीकृति लिई त्यस्तो परिस्थिति परेको अवधिभर अनुमति पाएको परिमाण नेपालको आन्तरिक बजारमा बिक्री गर्न सक्नेछ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "काबु बाहिरको परिस्थिति" भन्नाले उद्योग र निकासी कार्यमा प्रतिकूल प्रभाव पर्ने गरी भएको युद्ध, बाढी, डुवान, भूकम्प, महामारी, आगलागी, औद्योगिक दुर्घटना जस्ता विपद्जन्य परिस्थिति सम्झनु पर्छ र सो शब्दले निर्यात गर्ने मुलुकको व्यापारिक नीतिमा परिवर्तन भएको कारणले निर्यातमा प्रतिकूल असर परी निर्यात गर्न नसकिने अवस्थालाई समेत जनाउँछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) दफा १६ को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) उद्योगको लागि आवश्यक हुने भवन लगायतका भौतिक संरचनाको नक्सा स्वीकृत गरी सम्बन्धित स्थानीय तहलाई जानकारी दिने,"

(६) दफा २६ पछि देहायको दफा २६क. थपिएको छः-

"२६क. ऋण लिन सक्नेः विशेष आर्थिक क्षेत्रको उद्योगले जग्गा बाहेकको स्थिर सम्पत्ति वा सम्झौतालाई बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ।"

(७) दफा २७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) दफा ७ बमोजिम विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण भएको उद्योगले कारोबार सुरु गरेको मितिबाट यस दफा बमोजिमको अवधि पुग्न जति वर्ष बाँकी छ सो अवधिको मात्र कर छुट सुविधा पाउनेछ।"

(८) दफा ३० मा रहेका "कुनै उत्पादन बिक्री गरेमा" भन्ने शब्दहरूको सट्टा "कुनै उत्पादन वा सेवा बिक्री गरेमा" भन्ने शब्दहरू राखिएका छन्।

**१०. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा संशोधनः** विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को,-

(१) दफा २ को,-

(क) खण्ड (च) को उपखण्ड (३) को सट्टा देहायको उपखण्ड (३) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(३) व्यवस्थापन तथा प्राविधिकि सेवा, सूचना प्रविधि, मार्केटिङ तथा मार्केट रिसर्च, वित्तीय, लेखा तथा लेखापरीक्षण, इन्जिनियरिङ, आउटसोर्सिङ, मानव संसाधन आउटसोर्सिङ, डिजिटल डेटा प्रोसेसिङ तथा डिजिटल डेटा माइग्रेसन, डिजाइन सेवा वा अन्य प्राविधिक सीप वा ज्ञान,"

(ख) खण्ड (ज) को उपखण्ड (९) पछि देहायको उपखण्ड (१०) थपिएको छः-

"(१०) दफा ९क. बमोजिम विशिष्टीकृत लगानी कोषको इकाईमा गरेको लगानी।"

(२) दफा ३ को,-

(क) उपदफा (१) मा रहेका "कुनै उद्योगमा" भन्ने शब्दहरूको सट्टा "अनुसूचीमा उल्लिखित उद्योग बाहेक अन्य जुनसुकै उद्योगमा" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरूको सट्टा "विदेशी लगानीकर्ताले" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ७क. को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम प्रविधि हस्तान्तरण गरे बापत प्राप्त हुने विदेशी मुद्रा नेपाल राष्ट्र बैङ्कको अनुमति लिई नेपालमा भित्र्याउन वा विदेशी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विनिमय नियमित गर्ने सम्बन्धी प्रचलित कानूनको अधीनमा रही विदेशमा संस्थापना वा दर्ता भएको सीमित दायित्वको साझेदारी, फर्म, लगानी कोष, कम्पनी वा सीमित दायित्व रहने गरी संस्थापित यस्तै प्रकृतिको निकायमा लगानी गर्न सक्नेछ।"

(४) दफा ९ को उपदफा (१) मा रहेका "पुँजी लगानी कोष (भेन्चर क्यापिटल फण्ड)" भन्ने शब्दहरूको सट्टा "कोष व्यवस्थापकको कार्य तथा पुँजी लगानी कोष (भेन्चर क्यापिटल फण्ड)" भन्ने शब्दहरू राखिएका छन्।

(५) दफा ९ पछि देहायको दफा ९क. थपिएको छः-

"९क. <u>विशिष्टीकृत लगानी कोषका इकाई खरिद गरी विदेशी लगानी गर्न सक्नेः</u> (१) विदेशी लगानीकर्ताले कुनै उद्योगमा स्वपुँजी लगानी (इक्विटी) गर्ने प्रयोजनको लागि नेपाल धितोपत्र बोर्डको स्वीकृति लिएर दफा ९ बमोजिमको पुँजी लगानी कोष (भेन्चर क्यापिटल फण्ड) वा नेपाल धितोपत्र बोर्डमा दर्ता भएको विशिष्टीकृत लगानी कोषको इकाई खरिद गरी विदेशी लगानी गर्न सक्नेछ।

(२) विदेशी लगानीकर्ताले इकाई खरिद गरेको उपदफा (१) बमोजिमको कोषबाट उद्योगमा लगानी गर्न दफा १५ बमोजिमको प्रक्रिया पूरा गरी स्वीकृति लिनु पर्नेछ।

(३) विदेशी लगानीकर्ताले इकाई खरिद गरेको उपदफा (१) बमोजिमको कोषको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विवरण सम्बन्धित कोष व्यवस्थापकले विभागलाई उपलब्ध गराउनु पर्नेछ।"

(६) दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

"१२. विदेशी वित्तीय संस्थाबाट ऋण लिन सक्नेः (१) कुनै पनि उद्योगले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैङ्कको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन) वा परियोजना लगानी (प्रोजेक्ट फाइनान्सिङ्ग) सम्झौता गरी ऋण लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उद्योगले लिएको ऋणलाई समेत यस ऐन बमोजिम विदेशी लगानीलाई परिच्छेद-५ बमोजिम छुट, सुविधा र सहुलियत प्राप्त हुनेछ।

(३) नेपाल राष्ट्र बैङ्कले तोकिदिएको प्रक्रिया बमोजिम उद्योगलाई ऋणको सावाँ र व्याज भुक्तानी गर्न विदेशी मुद्राको सुविधा प्रदान गरिनेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम नेपाल राष्ट्र बैङ्कको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन) वा परियोजना लगानी (प्रोजेक्ट फाइनान्सिङ्ग) सम्झौता गरी ऋण लिएको हकमा ऋण लिने उद्योगले विदेशी वित्तीय संस्थाको नाममा अचल सम्पत्ति बन्धकी दिन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) अनुसूचीमा उल्लिखित उद्योगले उपदफा (१) बमोजिम ऋण लिन सक्ने छैन।"

(७) दफा १५ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा ७ वा ८ बमोजिम गैरआवासीय नेपाली वा गैरआवासीय नेपालीको पचास प्रतिशतभन्दा बढी शेयर लगानी भएको कम्पनी, फर्म, लगानी कोषले गरेको लगानीको जानकारी विभागलाई दिनु पर्नेछ। त्यसरी जानकारी प्राप्त भएमा विभागले लगानीको स्वीकृति दिनेछ।"

(८) दफा १८ पछि देहायको दफा १८क. थपिएको छः-

"१८क. <u>सम्पत्ति हस्तान्तरण गर्न सक्नेः</u> (१) दफा १७ बमोजिम स्वीकृत भएको विदेशी लगानीको रकम कुनै व्यक्ति वा निकायलाई विदेशी लगानीको रकम पूर्ण वा आंशिक रूपमा निःशुल्क हस्तान्तरण गर्न चाहेमा विभागमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर विभागले जाँचबुझ गरी प्रचलित कानून बमोजिम कर लाग्ने भएमा सम्बन्धित व्यक्तिलाई कर बुझाउन लगाई स्वीकृति दिन सक्नेछ।"

(९) दफा २० को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) उपदफा (२) को खण्ड (छ) पछि देहायका खण्ड (ज) र (झ) थपिएका छन्:-

"(ज) विशिष्टीकृत लगानी कोषको इकाई बिक्री बापतको रकम,

(झ) विशिष्टीकृत लगानी कोषको इकाईबाट प्राप्त मुनाफा।"

(ख) उपदफा (४) मा रहेका "कुनै विदेशी लगानीकर्ताले" भन्ने शब्दहरूको सट्टा "दफा १२ बमोजिमको विदेशी वित्तीय संस्थाले" भन्ने शब्दहरू राखिएका छन्।

(ग) उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छः-

"(६क) उपदफा (२) को खण्ड (ज) र (झ) बमोजिमको रकम फिर्ता लैजान चाहने विदेशी लगानीकर्ताले स्वीकृतिको लागि नेपाल धितोपत्र बोर्डमा निवेदन दिनु पर्नेछ।"

(घ) उपदफा (७) मा रहेका "पन्ध्र दिनभित्र" भन्ने शब्दहरूको सट्टा "सात दिनभित्र" राखिएका छन्।

(ङ) उपदफा (७) मा रहेका "उपदफा (६) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपदफा (६) वा (६क) बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

(च) उपदफा (१२) मा रहेका "तीस कार्यदिनभित्र" भन्ने शब्दहरूको सट्टा "पन्ध्र कार्यदिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१०) दफा २६ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २० बमोजिमको प्रक्रिया पूरा गरेको भएमा सो उपदफाको खण्ड (ग) बमोजिम विदेशी लगानी फिर्ता लैजान विदेशी लगानी स्वीकृत गर्ने निकायको सिफारिस तथा नेपाल राष्ट्र बैङ्कको स्वीकृति आवश्यक पर्ने छैन।"

(११) दफा ३० को उपदफा (५) मा रहेका "कर्मचारीलाई" भन्ने शब्दहरूको सट्टा "कर्मचारी र निजको परिवारलाई" भन्ने शब्दहरू राखिएका छन्।

(१२) दफा ४८ को उपदफा (२) मा रहेका "र उद्योग सम्बन्धी विषय हेर्ने सम्बन्धित प्रदेश मन्त्रालयको सिफारिस" भन्ने शब्दहरू झिकिएका छन्।

(१३) अनुसूची-१ को,-

(क) क्रमसङ्ख्या १ मा रहेका "ठूला उद्योग" भन्ने शब्दहरूको सट्टा "ठूला उद्योग, कृषि प्रविधि र यान्त्रिकीकरण" भन्ने शब्दहरू राखिएका छन्।

(ख) क्रमसङ्ख्या १० पछि देहायका क्रमसङ्ख्या ११ थपिएको छः-

"११. वायुयान सञ्चालन, प्रशिक्षण, मर्मत सम्भार तथा यात्रु सेवा सुविधा प्रदायक उद्योगको हकमा देहायको सीमाभन्दा बढी हुने विदेशी लगानी,-

(क) अन्तर्राष्ट्रिय वायुसेवाः ८० प्रतिशत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आन्तरिक वायुसेवाः ४९ प्रतिशत
(ग) प्रशिक्षण संस्थाः ९५ प्रतिशत
(घ) मर्मत सम्भार संस्थाः ९५ प्रतिशत।"

**११. <u>सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ मा संशोधन:</u>** सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को,-

(१) दफा १० को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) बोर्डको स्वीकृति लिई कार्यालयले सल्लाहकार वा विशेषज्ञको सेवा लिन सक्नेछ। त्यस्तो सल्लाहकार वा विशेषज्ञको कार्यक्षेत्रगत शर्त र पारिश्रमिक तथा सुविधा बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।"

(२) दफा १४ को दफा शीर्षकमा रहेका "सार्वजनिक-निजी साझेदारी इकाई" भन्ने शब्दहरूको सट्टा "सार्वजनिक-निजी साझेदारी निर्देशनालय" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा १५ को दफा शीर्षकमा रहेका "लगानी इकाई" भन्ने शब्दहरूको सट्टा "लगानी प्रवर्द्धन तथा सहजीकरण निर्देशनालय" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ४६ को उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थप गरिएका छन्ः-

"(४) एकल बिन्दु सेवा केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि बोर्डले बनाई लागू गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) बोर्डको कार्यालयमा स्थापित एकल बिन्दु सेवा केन्द्रमा सम्बन्धित सरोकारवाला निकायबाट प्रचलित कानून बमोजिम निर्णय गर्ने अख्तियारीसहित कर्मचारी खटाउनु पर्नेछ।"

(५) दफा ४६ पछि देहायको दफा ४६क. थपिएको छः-

"४६क. <u>स्वचालित विद्युतीय प्रणाली प्रयोग गर्न सकिने:</u> बोर्डमार्फत् सञ्चालन हुने आयोजनाको दर्ता, स्वीकृति र कार्यान्वयन प्रक्रियालाई द्रुत गतिमा अघि बढाउन स्वचालित विद्युतीय प्रणाली प्रयोग गर्न सकिनेछ।"

(६) दफा ५७ को उपदफा (२) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः-

"(घ) बोर्डबाट कार्यान्वयन हुने परियोजनाबाट नेपाल सरकारलाई प्राप्त हुने आम्दानीको निश्चित अंश सालबसाली विनियोजन ऐनबाट छुट्टयाइएको रकम।"

(७) दफा ६८ को उपदफा (२) मा रहेका "वा अन्य जुनसुकै" भन्ने शब्दहरूको सट्टा "वा प्रदेश सरकार, स्थानीय तह वा अन्य जुनसुकै" भन्ने शब्दहरू राखिएका छन्।

(८) दफा ६८क. मा रहेका "आर्थिक दायित्व सिर्जना हुने" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारलाई आर्थिक दायित्व सिर्जना हुने" भन्ने शब्दहरू राखिएका छन्।

१२. **<u>औद्योगिक व्यवसाय ऐन, २०७६ मा संशोधनः</u>** औद्योगिक व्यवसाय ऐन, २०७६ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) दफा ३ को उपदफा (१) पछि देहाय बमोजिमको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपदफा प्रारम्भ हुँदाका बखत दर्ता नगराई स्थापना तथा सञ्चालनमा रहेको उद्योगले यो उपदफा प्रारम्भ भएको मितिले एक वर्षभित्र उद्योग दर्ता गर्न निवेदन दिएमा त्यस्तो उद्योग दर्ता गर्ने निकायले दफा ४३ को उपदफा (१) बमोजिमको जरिबाना लिई सो उद्योग दर्ता गरी दिनु पर्नेछ।"

(२) दफा ४ को उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छः-

"(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम निवेदन दर्ता गरेको मितिले पन्ध्र दिनभित्र कुनै अपुग कागजात वा विवरण माग नगरेमा वा अपुग विवरण वा कागजात पेश गरेकोमा त्यस्तो कागजात वा विवरण पेस गरेको मितिले पन्ध्र दिनभित्र यस ऐन बमोजिम उद्योग दर्ता सम्बन्धी निर्णय नगरेमा उपदफा (४) बमोजिमको उद्योग बाहेकको अन्य उद्योग त्यस्तो अवधि समाप्त भएपछि स्थापना वा सञ्चालन गर्न बाधा पर्ने छैन। त्यसरी स्थापना वा सञ्चालनमा रहेको उद्योगलाई विभागले यस दफा बमोजिम उद्योग दर्ता प्रमाणपत्र दिनु पर्नेछ।"

(३) दफा ७ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) उपदफा (२) मा रहेका "पुँजी वृद्धि," भन्ने शब्दहरू झिकिएका छन्।

(ख) उपदफा (५) मा रहेका "स्वघोषणा पेश गर्नु पर्नेछ" भन्ने शब्दको सट्टा "वातावरण व्यवस्थापन योजना पेश गर्नु पर्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ८ को,-

(क) उपदफा (७) मा रहेका "यसरी निर्धारित समयावधिभित्र निवेदन नदिएमा त्यस्तो अनुमतिपत्र स्वतः निष्क्रिय हुनेछ।" भन्ने शब्दहरू झिकिएका छन्।

(ख) उपदफा (७) पछि देहायका उपदफा (७क) र (७ख) थपिएका छन्:-

"(७क) उपदफा (७) बमोजिम दर्ता गर्न नसकेमा सोको कारण खोली अनुमतिपत्रको म्याद थपको लागि बोर्ड समक्ष निवेदन दिनु पर्नेछ।

(७ख) उपदफा (७क) बमोजिम प्राप्त निवेदनमा उल्लिखित कारण मनासिब लागेमा बोर्डले अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ।"

(५) दफा ११ को,-

(क) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले स्थानान्तरण भई जाने सम्बन्धित स्थानीय तहको सिफारिसमा वातावरणीय अध्ययन गर्नु पर्ने भएमा सो समेत गरी उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ। त्यसरी उद्योग स्थानान्तरणको लागि स्वीकृति प्रदान गरिएको जानकारी सम्बन्धित प्रदेशको उद्योग हेर्ने मन्त्रालय र स्थानीय तहलाई दिनु पर्नेछ।"

(६) दफा १२ पछि देहायको दफा १२क. थपिएको छः-

"१२क. स्वामित्व हस्तान्तरण वा परिवर्तन गर्दा स्वीकृति लिनु पर्नेः (१) कुनै उद्योगको स्वामित्व हस्तान्तरण वा परिवर्तन गर्नु पर्ने भएमा उद्योग दर्ता गर्ने निकायमा स्वीकृतिको लागि तोकिए बमोजिमका कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएका कागजात जाँचबुझ गरी स्वीकृति दिन मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले निवेदन प्राप्त भएको मितिले तीस दिनभित्र स्वीकृति दिनु पर्नेछ।"

(७) दफा २९ को खण्ड (ण) पछि देहायको खण्ड (त) र (थ) थपिएका छन्:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(त) कुनै पनि उद्योगले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैङ्कको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन वा परियोजना लगानी (प्रोजेक्ट फाइनान्सिङ्ग) सम्झौता गरी ऋण लिन सक्ने,

(थ) वार्षिक पाँच करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने सफ्टवेयर विकास, तथ्याङ्क प्रशोधन, बिजनेस प्रोसेस आउटसोर्सिङ वा नलेज प्रोसेस आउटसोर्सिङ गर्ने सूचना प्रविधिमा आधारित उद्योगलाई तोकिए बमोजिम सुविधा र सहुलियत प्रदान गर्न सक्ने।"

(८) दफा ३१ को उपदफा (१) मा रहेका "राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग" भन्ने शब्दहरूको सट्टा "ठूला उद्योग र राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग" भन्ने शब्दहरू राखिएका छन्।

(९) दफा ३२ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) प्रचलित कानून बमोजिम हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमतिप्राप्त उद्योगले खरिद गरेको जग्गाको पचास प्रतिशतसम्म जग्गा विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) को आधारमा उद्योग दर्ता गर्ने निकायले निर्धारण गरेको क्षेत्रमा उद्योगको क्षमता अभिवृद्धिको लागि बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ।

तर हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमति प्रदान गर्दा तोकिएको शर्तको अधीनमा रही परियोजना कर्जा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(प्रोजेक्ट फाइनान्सिङ्ग) लिन वा सम्बन्धित तहको सरकारको वा त्यस्तो तहको सरकारको निकायसँग सम्पन्न भएको सम्झौता वा त्यस्तो तहको सरकारले प्रदान गरेको अनुमतिपत्र बमोजिम तोकिएको समयावधि पश्चात् सम्पूर्ण परियोजना सम्बन्धित तहको सरकारको वा त्यस्तो तहको सरकारको निकायलाई हस्तान्तरण हुने प्रबन्ध बमोजिम कार्यान्वयन भएको परियोजनाको हकमा हदबन्दीभन्दा बढीको जग्गा पनि बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन। त्यसरी बैङ्क तथा वित्तीय संस्थामा धितो राख्न दिएकै आधारमा ऋणको दायित्व सम्बन्धित तहको सरकारको वा त्यस्तो तहको सरकारको निकायमा सर्ने छैन।

<u>स्पष्टीकरणः</u> यस उपदफाको प्रयोजनको लागि "क्षमता अभिवृद्धि" भन्नाले उद्योगको प्रबन्धपत्रमा उल्लिखित उद्देश्य अनुरूप उद्योगको उत्पादन र उत्पादकत्व बढाउने गरी पूर्वाधार विस्तार वा मेसिनरी खरिद तथा स्थापनाको लागि गरिने लगानी सम्झनु पर्छ।"

(१०) दफा ३९ को उपदफा (२) मा रहेका "रुग्ण भई बन्द अवस्थामा रहेको" भन्ने शब्दहरू झिकिएका छन्।

(११) दफा ४३ को,-

(क) उपदफा (१) मा रहेका "निकायको सिफारिसमा मन्त्रालयले त्यस्तो उद्योगलाई तत्काल बन्द गर्न लगाई" भन्ने शब्दहरूको सट्टा "निकायले" भन्ने शब्द राखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उपदफा (१) को खण्ड (क) मा रहेका "लघु उद्यमको" भन्ने शब्दहरूको सट्टा "लघु उद्यम र घरेलु उद्योगको" भन्ने शब्दहरू राखिएका छन्।

(ग) उपदफा (२), (३), (४), (६), (७) र (९) मा रहेका "निकायको सिफारिसमा मन्त्रालयले" भन्ने शब्दहरूको सट्टा "निकायले" भन्ने शब्द राखिएको छ।

(१२) अनुसूची-४ मा क्रमसङ्ख्या २७ पछि देहायको क्रमसङ्ख्या २८ थपिएको छः-

"२८. कृषि प्रविधि तथा यान्त्रिकीकरण।"

(१३) अनुसूची-८ को,-

(क) क्रमसङ्ख्या ३१ को सट्टा देहायको क्रमसङ्ख्या ३१ राखिएको छः-

"३१. प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा, प्राकृतिक ग्यास (एल.एन.जी., सी.एन.जी.) रिफिलिङ्ग (एल.पी.जी. ग्यास रिफिलिङ्ग र सवारी ग्यास रिफिलिङ्ग गर्ने स्टेसन समेत) वा वितरण,"

(ख) क्रमसङ्ख्या ६६ पछि देहायका क्रमसङ्ख्या ६७ र ६८ थपिएका छन्:-

"६७. कोष व्यवस्थापन (फण्ड म्यानेजमेन्ट),

६८. सम्पत्ति व्यवस्थापन (आसेट म्यानेजमेन्ट)।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१४) अनुसूची-९ को क्रमसङ्ख्या ६ मा रहेका "वन्यजन्तु आरक्ष" पछि "तारेस्तरको होटल, पर्यापर्यटन रिसोर्ट, जलयात्रा (क्रुज) र जलक्रिडा (वाटर इन्टरटेन्मेन्ट)"

प्रमाणीकरण मितिः २०८१।०९।२९

**आज्ञाले,**
**कोमल बहादुर खत्री**
**नेपाल सरकारको निमित्त सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.२५।–**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।